# १३ अनन्तको सुसमाचार

*<u>यस अध्यायका मूल पदहरू</u>:* हिब्रू ४:२, भजन १३०:३,४, लूका १५:११३२, रोमी ३:२४२६, हिब्रू १०:१४, प्रकाश १४:१२।

*<u>स्मरण गर्नुपर्ने मूल पद</u>:* **"विगतको समयमा परमेश्वर हाम्रो सामु देखा पर्नुभएको थियो। उहाँले भन्नुभयो "मैले तिमीहरूलाई अनन्तको प्रेमले प्रेम गरेको छु। निरन्तररूपमा सच्चा हृदयसाथ तिमीहरूलाई माया गरिनै रहें।" (यर्मिया ३१:३ रूपान्तरित)।**

**याकूबको पत्रको अध्ययनको अन्तमा आइपुगेका छौं। उनको पुस्तकमा लेखिएका सुसमाचारसँग सम्बधित धेरै विषयहरू नियालेर हेऱ्यौं।** उनले लेखेका विषयहरूसँग बाइबलका अरू लेखकहरूसँग पनि तुलना गऱ्यौं। हुन त याकूबले व्यक्त गरेका धारणाहरूसँग बाइबलका अरू सबै भागहरूसँग ठ्याक्कै मिल्छ भनेर ठम्याउन त्यति सजिलो छैन। विषेश गरेर सुसमाचारको परिप्रेक्ष्यमा उनको धारणा बाझिएको, बाझिएको जस्तो देखिन्छ। तर गहिरिएर हेर्दा उनको पत्र र सुसमाचारमा एकरूपता भएको हामी पाउँछौं। यो अत्यन्त महत्त्वपूर्ण र गहन बिषय हो किनभने अन्तको समयमा अनन्तको सुसमाचार सुनाउन आह्वान गरिएको परिप्रेक्ष्यमा त्यस आह्वानको जग नै सुसमाचार हो। "सारा संसारमा गएर सारा राष्ट्रहरूका जातजाति, भाषाभाषी र मानिसहरूलाई सुसमाचार प्रचार गर" (रूपान्तरित) भनेर प्रकाश १४:६ प्रत्येक येशूभक्तलाई निर्देशन दिइएको छ । यस अन्तिम अध्यायमा कहिलै ननाशिने अर्थात् अनन्तको सुसमाचारतिर ध्यान केन्द्रित गर्नेछौं। यो पनि नबिसौं कि अनन्तको सुसमाचार भनेकै "येशूमा विश्वास अर्थात् आस्था राखेर मुक्ति पाउनु" हो। उपरोक्त धारणालाई याकूब समेतले **सारा बाइबलले अनुमोदन** गरेको छ।

एउटा अत्यन्त महत्त्वपूर्ण बुँदालाई हामीले हरदम याद गर्नु जरूरी छ। त्यो हो सयौं वर्ष लगाएर विभिन्न वर्गका मानिसहरूले लेखेका ६६ पुस्तकहरू मिलेर बनेको बाइबलमा एकरूपता छ अर्थात् मूल विषय वस्तुहरू, विशेष गरेर मुक्तिको बारेमा दिएका मौलिक

शिक्षाको धारणा एक आपसमा बाझिएको छैन। सुसाचारको बारेमा बाइबलमा कसरी देखा परेका छन् भनेर यस अध्यायमा **हामी** नियाल्नेछौं। त्यसले गर्दा परमेश्वरको मुक्तिको योजनाको फराकिलो चित्रणमा याकूब कसरी भिजिएका रहेछन् भनेर हेर्न हामी सफल हुनेछौं।

## १. पुरानो करारमा सुसमाचार (हिब्रू ४:२)

**"हामीहरूका पुर्खाहरूलाई धेरै वर्ष अगाधी सुसमाचार प्रचार गरिएको थियो। अब त्यही सुसमाचार हामीलाई पनि प्रचार गरिएको छ। तिनीहरूले सुसमाचार त सुने तर तिनीहरूको निम्ति त्यो सुसमाचारको अर्थ केही रहेन किनभने तिनीहरूले विश्वासै नगरि सुनेका थिए।" हिब्रू ४:२ रूपान्तरित।**

हिब्रू ४:२ अत्यन्त अचम्मको पद छ। अचम्म हुनुको एउटा मूल कारणचाहिँ सुसमाचार पुरानो करारका मानिसहरूलाई पनि सुनाइएको थियो रे ! दोस्रो कारणचाहिँ नयाँ करारका मानिसहरूलाई जुन् सुसमाचार सुनाइएको थियो त्यही सुसमाचार पुरानो करारका मानिसहरूलाई पनि सुनाइएको थियो रे ! (पुरानो र नयाँ करारको बीचमा करिब ४सय वर्षको अन्तर छ भनेर मानिन्छ)। ती दुई समयमा प्रचार गरिएको सुसमाचार फरक थियो भनेर हिब्रूको लेखकले आभास दिएको छैन। समस्या के हो त? के सुमाचारमा समस्या थियो त? अहँ, मानिसहरूले कसरी त्यो सुमाचार सुने त्यसमा पो समस्या रहेछ। आज पनि विभिन्न थरिका मानिसहरूले सुससमाचार आआफ्नै ढङ्गले सुन्छन्। त्यसकारण परमेश्वरको वचनलाई तन मन वा पूरा विश्वासको आधारमा हामीले सुन्नु कतिको जरुरी रहेछ भन्ने कुरालाई हिब्रू ४:२ले खुलासा गरिएको छ। जब येशूको सन्देश वा सुसमाचारलाई हामी सुन्छौं तब ठीक तथा उचित मनस्थिति बनाएर सुन्नु पर्छ। (अर्थात् सुसमाचारलाई हल्का रूपमा लिएर सुन्यौं भने त्यसको अर्थ कुनै हुँदैन)।

**देहायका पदहरूमा सुसमाचारको सन्देश लुकिएको छ। सुसमाचारको गहिरो आशय बुझ्न प्रार्थनापूर्वक पढ्नुहोस्: उत्पत्ति ३:१५ "म तिमीलाई र स्त्रीलाई आपसमा घृणा गर्न लाउनेछु, तिम्रो सन्तान र स्त्रीको सन्तानको बिचमा म दुश्मनी हालिदिनेछु र त्यसको सन्तानले**

तिम्रो टाउको कुच्च्याउनेछ र तिमीले त्यसको सन्तानको कुर्कुच्चा ठुँग्नेछस्।", प्रस्थान १९:४-६ "म परमप्रभुले मिश्रीहरूलाई के गरें, कसरी मैले तिमीहरूलाई गरुडले आफ्ना चल्ला पखेटामा बोकेझैं उचालेर बोकें र यहाँ मकहाँ ल्याएँ, सो तिमीहरूले देखेका छौ। ५ अब तिमीहरूले मेरो आज्ञा मान्यौ र मेरो करार पालन गर्‍यौ भने तिमीहरू मेरो निजी प्रजा हुनेछौ। सारा पृथ्वी मेरो हो; तर तिमीहरू मेरा चुनिएका जाति हुनेछौ, ६ मेरो निम्ति मात्र अर्पण भएका जाति हुनेछौ र पूजाहारी बनेर मेरो सेवा गर्नेछौ।", भजन १३०:३,४ "यदि तपाईंले हाम्रा पापहरूको लेखा राख्नुभएको हुँदो हो ता दोषी नठहरी को उम्कन सक्दथ्यो र? ४ तर तपाईंले हामीलाई क्षमा दिनुहुन्छ,
यसर्थ हामी भय र भक्तिसाथ तपाईंको सामु खडा रहन सक्छौं।", भजन ३२:१-५ "ज-जसको पाप क्षमा गरिएका छन् र दुष्कर्म माफ भएका छन्, तिनीहरू कति खुसी छन्। २ जुन मानिसलाई परमप्रभुले दोषी ठहराउनुहुन्न, र जुन मानिसमा केही छलकपट छैन, ऊ कति खुसी हुन्छ। ३ मैले पाप स्वीकार नगरेको बेलामा दिनभरि रोएकोले म थाकिसकेको थिएँ। ४ हे परमप्रभु! रात-दिन तपाईंले मलाई दण्ड दिनुभयो। गर्मीको दिनमा पानी सुकेझैं मेरो बल पूरा सुकिगएको गएको थियो। ५ तर जब तपाईंको सामु मैले मेरो पाप मानिलिएँ, मेरो दुष्ट कर्महरू लुकाइनँ, तर ती तपाईंअघि स्वीकार गर्ने निश्चय गरें तब तपाईंले मेरा सारा पाप क्षमा गर्नुभयो।", यशैया ५३:४-११ "निश्चय नै उनले हाम्रा कष्टहरू सहनुभयो, हाम्रो दुःख भोग्नुभयो। तर उनले दुःख-कष्ट भोगेको त उहाँमाथि परमेश्वरको दण्ड परेको हो भनी हामीले ठान्यौं। ५ तर हाम्रा पापका कारणले उहाँ घाइते हुनुभएको थियो, हाम्रा अधर्मका कारणले उहाँले चुटाइ खानुभयो। उहाँले दण्ड भोगेको कारणले हामीले सुख-शान्ति पायौं, उहाँले पाउनुभएको कोर्राको चोटले हामी निको भयौं। ६ हामी सबै बाटो बिराएका भेडाहरूझैं थियौं, हामी बरालिएर आफ्नै सुरमा हिँड्थ्यौं, तर हामी सबैमाथि पर्नुपर्ने दण्ड परमप्रभुले उहाँमाथि राखीदिनुभयो। ७ "उहाँसँग रूखो व्यवहार गरियो तर त्यो उहाँले नम्र भएर सहनुभयो, उहाँले आफ्नो मुखबाट एउटा शब्द पनि निकाल्नुभएन। बरू उहाँ काटिन आँटेको थुमाझैं, ऊन कत्रन लागेका भेडाझैं उहाँले आफ्नो मुख खोल्नुभएन। ८ उहाँमाथि अत्याचार भयो र

दण्ड दिई मार्न लगियो र उहाँका सन्तानकोबारेमा कसले बोल्ला? कारण उहाँलाई जीवितहरूको देशबाट हटाइयो, मेरा मानिसहरूका पापको लागि उहाँमाथि कुटाइ पऱ्यो ९ दुष्टहरूसित ऊ चिहानमा राखियो, धनीहरूसित गाडियो, तथापि उहाँले कहिल्यै कुनै अपराध गरेका थिएनन्, कहिले झूट बोल्नुभएको थिएन। १० "तरै पनि उहाँलाई चोट दिनु र कष्ट सहन लाउनु परमप्रभुको इच्छा थियो। परमप्रभुले उहाँको जीवनलाई पाप काट्ने बलिदान बनाउनुभएको भए पनि उहाँले आफ्ना सन्तान देख्नुहुनेछ र परमेश्वरको योजना उहाँद्वारा सफल हुनेछ। ११ कष्टको जीवन भोग्नुभएपछि उहाँले जीवनको ज्योति देख्नुहुनेछ र सन्तुष्ट हुनुहुनेछ। "आफ्नो ज्ञानद्वारा मेरो धर्मी सेवकले धेरैको पापको दण्ड बोक्नेछ र उसले तिनीहरूलाई क्षमा गर्नेछ।" (रूपान्तरित), यर्मिया ३१:३१-३४ "परमप्रभु भन्नुहुन्छ, "त्यो दिन आउँदै छ, जब म इस्राएल र यहूदाका मानिसहरूसित एउटा नयाँ करार बाँध्नेछु, ३२ त्यो करार मैले तिनीहरूका पिता-पुर्खालाई हातमा समातेर मिश्रबाट निकालेर ल्याउँदा तिनीहरूसित बाँधेको पुरानो करारजस्तो हुनेछैन। म तिनीहरूका स्वामीझैं थिएँ तापनि तिनीहरूले त्यो करार तोडे। ३३ मैले इस्राएलका प्रजासित बाँध्न लागेको नयाँ करार यस्तो हुनेछः म मेरो व्यवस्था तिनीहरूका मनमा हालिदिनेछु र तिनीहरूका हृदयमा लेखिदिनेछु। म तिनीहरूका परमेश्वर हुनेछु र तिनीहरू मेरा प्रजा हुनेछन्। ३४ तिनीहरू कसैले आफ्ना छिमेकी वा दाजुभाइलाई परमप्रभु चिनाउनुपर्नेछैन किनभने साना-ठूला सबैले मलाई चिन्नेछन्। म तिनीहरूका दुष्कर्म क्षमा गर्नेछु र तिनीहरूका पापहरू कहिल्यै सम्झनेछैनँ। म परमप्रभु बोलेको छु।"

ती सबै पदहरूमा एउटै विषयवस्तु भएको के तपाईंले देख्नुभएको छ? परमेश्वर नै हामीलाई पापबाट उद्धार गर्न सक्रिय हुनुभएको छ। उहाँले हामीहरूका पापहरूलाई क्षमा दिनुहुन्छ र पापलाई हामीले हामीहरूको "शत्रु" भनेर ठान्न लगाउनुहुन्छ। त्यसको फलस्वरुप उहाँका वचनहरूलाई शिरोपर गर्न हामी राजी हुन्छौं (यशैया १:१९)। एकल येशूले धेरैको निम्ति मर्नुभयो। तिनीहरूको अर्थात् हामीहरूको पापलाई बोक्नुभयो, पापीहरूका पापहरूलाई क्षमा दिनुहुन्छ र तिनीहरूलाई धर्मातमा वा सन्त बनाउनुहुन्छ। नयाँ करार वा सम्झौता पुरानो भन्दा भिन्न छ। पुरानो करार वा परमेश्वरका दश आज्ञाहरू

ढुङ्गाको पाटीमा लेखिएका थिए। अब येशूलाई अङ्गाल्दा ती आज्ञाहरू हृदयका पाटीहरूमा लेखिन्छ र परमेश्वरले हामीहरूका पाप अधर्महरूको लेखा राख्नुहुनेछैन (हिब्रू ८:१२ रूपान्तरित)। सारांशमा भन्ने हो भने परमेश्वरबाट उपलब्ध भएको क्षमाशीलता र नयाँ जीवन एउटै पोकोमा आउँछः दोषमुक्ति (क्षमादान र फेरि सफा जीवन बिताउन हामीहरूको पापलाई धुने प्रक्रिया) र पवित्रता वा धार्मिक तथा परमेश्वरले देहाउनुभएको उचित जीवन बिताउनु नै परमेश्वरबाट निर्धारण गर्नुभएको पापको निकासा हो। माथि उल्लेख गरिएका पदहरूमा भएका त्यस्ता प्रतिज्ञाका वचनहरू केवल केही मात्र हुन्। तर बाइबलभरी एउटै सन्देशले अलङ्कारित छ। त्यो होः परमेश्वरले हामीलाई अति प्रेम गर्नुहुन्छ र हामीहरूलाई पापको दलदलदेखि बचाउन सबै संभाव्यताहरू अपनाउनु भएको थियो।

**परमेश्वरका दश आज्ञाहरू पालन गर्नु जरुरी छ भनेर हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू दावी गर्छौं। तर दश आज्ञाहरूलाई शिरोपर गरेर वा पालन गरेरमात्र हामी मुक्ति पाउँछौं भन्ने गलत धारणाबाट हामी कसरी जोग्ने? बिभिन्न तर्कहरूको बीचमा त्यो आशय सधैं बुझ्न किन गाऱ्हो छ?**

## २. मानव अवतार भएर आएको सुसमाचार (लूका १५:११-३२)

सुमाचारका पुस्तकहरूमा (मत्ती, मर्कूस, लूका र यूहन्ना) सुसमाचार भेट्टाउन कतिले कठिन भएको महशूस गरिन्छ। येशूका शिक्षादीक्षाहरू कतिपयलाई अत्यन्त कट्टर भएको देखिन सक्छ। तर सुसमाचारका पुस्तकहरूलाई नियालेर पढ्यौं भने त्यो सत्य नभएको सावित हुन्छ। येशूको समयमा रहेका यहूदी जातिहरूले आफू चोखो जात हौं र हामीहरू परमेश्वरको सामु धर्मी नै छौं भनेर सोच्दथे। मन्दिरको निम्ति निर्धारण गरिएका आवश्यक करहरू तिरेर र संस्कारमा अऱ्हाएका उचित बलिप्रथाहरू अपनाएर तिनीहरूले यहूदी धर्मको रक्षा गरेका थिए। अशुद्ध खानेकुराहरू खान तिनीहरू इन्कार गर्दथे। आफ्ना छोराहरूको खतना गरिदिन्थे। सबै चाडबाडहरू नियमित रूपमा पालन गर्दथे। शब्बथ तथा विधिका शब्बथहरू कठोरताका साथ पालन गर्थे (येशूको हत्या गरेर छिटो छोटो घरमा गएर शब्बथ मान्ने तिनीहरू नै

थिए)। तिनीहरूका धार्मिक पण्डित अर्थात् गुरूहरूले सिकाएका विभिन्न रितिरिवाजहरू मान्न प्रयास गर्दथे। तिनीहरूले अपाएका सबै धार्मिक विधिविधानहरूलाई निकम्म बनाउँदै बप्तिस्मा दिने यूहन्नाले आएर तिनीहरूलाई यसरी आह्वान गरे "तिमीहरू पश्चाताप गर र बप्तिस्मा लेऊ।" अझ तिनीहरूले पुनर्जन्म पाउनु आवश्यक छ भनेर झन येशूले चुनौती दिनुभयो (यूहन्ना ३:३,५)। उहाँले यो पनि थप्नुभयो "म तिमीहरूलाई भन्दछु, फरिसी तथा व्यवस्थाका पण्डित र धर्मुगुरूहरू भन्दा तिमीहरू बढि धर्मात्मा हुनुपर्छ। यदि तिमीहरू तिनीहरूभन्दा उचलिएर रहन सकेनौ भने तिमीहरू कदापी स्वर्गको राज्यमा पस्न सक्दैनौ।" (मत्ती ५:२० रूपान्तरित)। अर्थात् येशूले खास गरि भन्न खोज्नुभएको कुरो यो हो "तिमीहरूमा नभएको कुरो तिमीहरूलाई चाहिन्छ। तिमीहरूले मुक्ति पाउन तिमीहरूको धर्मकर्मले पुग्दैन।"

**देहायका अर्तीकथाहरूमा सुससमाचारलाई कसरी चित्रण गरिएको छ? लूका १५:११-३२ "येशूले फेरि भन्नुभयो, "कुनै मानिसका दुई छोरा थिए। १२ कान्छा छोराले बुबालाई भन्यो, 'बुबा, मैले पाउनुपर्ने धन-सम्पत्तिको अंश मलाई दिनुहोस्।' बुबाले पनि आफ्नो सम्पत्ति दुवै भाइलाई बाँडिदिए।**

**१३ "केही दिनपछि कान्छो छोरा आफ्नो भएभरको सम्पत्ति लिएर अर्कै देशमा गयो। त्यहाँ उसले मोज-मज्जामा सबै धन उडायो। १४ सबै धन-सम्पत्ति सकेकै बेलामा त्यस देशमा ठूलो अनिकाल पऱ्यो र उसले धेरै दुःख पायो १५ अनि ऊ त्यस देशको एक जना मानिसकहाँ काम गर्न भनेर गयो। त्यस मानिसले उसलाई सुँगुर चराउने काममा लगाए। १६ उसले सुँगुरको चारो खाएर भए पनि पेट भर्न चाहन्थ्यो। तर कसैले पनि उसलाई खानेकुरा दिएन।**

**१७ "त्यतिखेर पो बल्ल उसको चेत खुल्यो र उसले भन्यो, 'मेरा बुबाकहाँ नोकरहरूले पेटभरि खाएर उबार्छन् पनि। मचाहिँ यहाँ भोक-भोकै मर्न लागिरहेको छु। १८ अब म बुबाकहाँ गएर भन्छु– बुबा, मैले परमेश्वर र तपाईंको विरोधमा पाप गरें। १९ अब त मलाई तपाईंको छोरा भन्न पनि सुहाउँदैन। तर मलाई दया गरी एक जना नोकरजस्तै सम्झेर राख्नुहोस्।' २० त्यसपछि ऊ उठेर बुबाकहाँ फर्क्यो।**

"बुबाले उसलाई टाढैबाट आइरहेको देखे। उनको हृदय मायाले भरिएर आयो र उनी छोरालाई भेट्न दगुरे र खुसी हुँदै छोरालाई अँगालो हालेर म्वाइँ खाए। २१ अनि छोराले भन्यो, 'बुबा, मैले परमेश्वर र तपाईंको विरोधमा पाप गरेको छु। अब मलाई तपाईंको छोरा भन्न पनि सुहाउँदैन।' २२ तर बुबाचाहिँले नोकरहरूलाई बोलाएर भने, 'झट्टै सबभन्दा राम्रो लुगा, औंठी र जुत्ता ल्याएर यसलाई लगाइदेओ। २३ अनि भोजको लागि सबै कुरो ठीकठाक पार। मोटो बहर काट र खाएर खुसी मनाऔं। २४ मरेको यो मेरो छोरा बाँचेर आयो, ऊ हराएको थियो अब भेटियो!' तब खुसीयालीको साथमा भोज सुरु भयो।

२५ "त्यति बेला जेठो छोराचाहिँ खेतमा थियो। फर्केर घरनेर आइपुग्दा उसले बाजा बजाएर धुमधामसँग नाच-गान भइरहेको सुन्यो २६ अनि एक जना नोकरलाई बोलाएर, 'यो सब बाजा-गाजा, नाच-गान केको लागि हो?' भनेर सोध्यो। २७ नोकरले भन्यो, 'तपाईंको भाइ फर्केर आउनुभएको छ। उहाँ आरामै आउनुभएकोले तपाईंका बुबाले ठूलो भोज लगाएर खुसीयाली मनाउनुभएको हो।' २८ यो सुनेर दाजुचाहिँ साह्रै रिसायो र घरभित्र जान पनि मानेन। बुबाले आएर उसलाई बिन्ती गर्दै फकाउन लागे।

२९ तर उसले बुबालाई यसरी जवाफ दियो, 'यति वर्षदेखि मैले तपाईंको नोकरजस्तै भएर काम गरें। तपाईंले दिनुभएको सबै आज्ञा मैले मानेको छु। तर मलाई चाहिँ कहिले पनि साथीहरूसँग मिलेर खान एउटा पाठोसम्म पनि दिनुभएन। ३० तर तपाईंको धन-सम्पत्ति वेश्याहरूसँग उडाउने छोरा आउँदाचाहिँ तपाईंले यत्रो ठूलो भोज लाउनुभयो।' ३१ बुबाले उसलाई भने, 'हेर् छोरा, तँ त सधैंभरि मसँगै छस्। मेरो भएभरको सम्पत्ति तेरै हो! ३२ हामीले आज भोज लगाएर खुसीयाली मनाउनु नै पर्नेथियो किनभने मरेको त्यो तेरो भाइ जिउँदो पाइयो, त्यो हराएको थियो, अब भेटियो'!" र लूका १८:९-१७ "आफैंलाई मात्र धर्मी सम्झिने र अरूलाई हेला गर्ने मानिसहरूलाई येशूले दृष्टान्तको रूपमा यस्तो कथा भन्नुभयो, १० "फरिसी र कर उठाउने दुई मानिस मन्दिरमा प्रार्थना गर्न गए। ११ फरिसीले अलग्गै उभिएर यसरी प्रार्थना गऱ्यो, 'हे पिता, म तपाईंलाई धन्यवाद चढाउँछु किनकि म अरू मानिसजस्तो लोभी र बेइमानी छैनँ। मैले व्यभिचार गरेको छैनँ। म यो

**कर उठाउने मानिसजस्तो छैनँ। १२ म सातामा दुईपल्ट उपवास बस्छु र मैले पाएका सबै कुराको दश भागको एक भाग तपाईंलाई चढाउँछु।' १३ तर कर उठाउने मानिसले चाहिँ टाढै उभिएर स्वर्गतिर हेर्ने आँटसम्म नगरी छाती पिट्दै भन्यो, 'हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्'!" १४ अनि येशूले कुरा टुङ्ग्याउँदै भन्नुभयो, "म तिमीहरूलाई भन्छु, त्यो फरिसी होइन बरु कर उठाउने मानिसचाहिँ परमेश्वरको सामुन्ने ठीक ठहरिएर घर फर्कियो। आफैं ठूलो हुन खोज्नेहरू सबै होच्याइनेछन् र आफैंलाई होच्याउनेहरू उच्च पारिनेछन्।" १५ येशूले आफ्नो हात राखेर आशिष् देऊन् भनेर मानिसहरूले आफ्ना साना बाल-बालिकाहरूलाई उहाँकहाँ ल्याए। यो देखेर चेलाहरूले तिनीहरूलाई हप्काए। १६ तर येशूले तिनीहरूलाई बोलाएर भन्नुभयो, "बालकहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक किनभने परमेश्वरको राज्य त यस्तैहरूको लागि नै हो। १७ साँच्चै म तिमीहरूलाई भन्छु, परमेश्वरको राज्यलाई बालकहरूले जस्तै ग्रहण नगरेसम्म कोही पनि त्यसभित्र पस्न पाउनेछैनन्।"**

**आफ्नो अंश बेचेर** घर छोडेर विदेश गएको छोरा त्यहाँ आफू अलपत्र परेतापनि सुरूमा आफू हराएको वा बाबुको आवश्यक भएको महशूस गरेको थिएन। जब ऊ कङ्गाल र निच अवस्थामा पुग्छ तब उसले आफ्नो बाबुको मायालाई झट्ट सम्झिन्छ र घर फर्किन चाहन्छ। बिदेशमा गएर के न के गर्ने र आफ्नो बाबुको मातहतबाट फुत्केर स्वाधिनताको सास फेर्ने छोरो आफ्नो गिर्दो अवस्थामा पुग्दा उसको अहँता र घमण्ड चक्नाचुर हुन्छ। आफ्नो जमिन्दार बाबुले उसको घरमा भएका धेरै नोकरचाकरहरूमध्ये कमसेकम एउटाको रूपमा आफूलाई स्वीकार गरियोस् भनेर अनुरोध गर्ने निधो गर्दै ऊ घर फर्कन्छ। तर घरको आँगनमा पुग्नुभन्दा अघि नै बाबुले आएर अङ्गालो मार्दै उसलाई स्वागत गर्दा ऊ अत्यन्त वाल्ल पर्छ। बाबुको प्यारले तिनीहरूको बीचमा भएको टाढाको सम्बन्ध नजिक ल्याउँछ र तिनीहरूको पुनर्मिलन रमाइलो हुन्छ। तर दोस्रो अर्तीकथामा कथाको मर्म त्यही भएतापनि त्यसको अर्थ झन्दै ठिक उल्टो हुन्छ। आफू कति धर्मी छु, आफू कतिको धर्मकर्म गरेको छु, आफू कतिको दशांस दिनमा उत्सुक छु (मानौं परमेश्वरलाई किन्न खोजेको थियो),आफू कतिको

ज्ञानी छु भनेर गौरब गर्ने फरिसी पण्डितलाईचाहिँ परमेश्वर पिताले वास्ता पनि गरेन। तर कर लिने कर्मचारी आफ्नो पापको पश्चाताप गरेर छातीमा पिटेर परमेश्वरसँग क्षमा माग्नेलाईचाहिँ परमेश्वरले स्वीकार गर्नुहुन्छ। ऊ निर्दोष ठहर्छ, उसलाई क्षमादान दिन्छ र उसको अपराधबाट ऊ मुक्त भएर मन्दिरबाट बाहिरिन्छ।

दुबै कथाहरूमा परमेश्वरको चित्रण स्पष्टसँग गरिएको छ। परमेश्वर पितामात्र होइन न्यायमूर्ती पनि हुनुहुन्छ। दिलैदेखि पछुताव गरेर क्षमा माग्ने पापीलाई परमेश्वरले सदाशयता देखाउनुहुन्छ। आफ्नो पापबाट फर्केर परमेश्वर भक्त हुनेलाई उहाँ निर्दोष साबित गर्नुहुन्छ। प्रभुभोजको समयमा उहाँले अङ्गुरको रसलाई लिएर चेलाहरूको सामु यसरी सम्बोधन गर्नुभएको थियो "यो नयाँ करारको मेरो रगत हो। धेरैको पापलाई पखाल्न यो पोखाइएको छ" (मत्ती २६:२८ रूपान्तरित)। निचोढमा भन्नुपर्दा स्वर्गको राज्यमा पस्ने अधिकार वा मुक्तिको अधिकार सबैलाई सितैंमा उपलब्ध गराइएको छ किनभने त्यसको पूरा मोल येशूले तिर्नुभएको थियो।

**उपरोक्त दुई अर्तीकथाहरूबाट तपाईंमा के आशा पल्हाउन सक्छ? के तपाईं कुनै न कुनै समयमा उपरोक्त अर्तीकथाहरूको एक पात्र बन्नुभएको अनुभव गर्नुभएको छ? तपाईंको आत्मिक जीवनलाई सुधार्नुपर्छ भनेर ती कथाहरूले कसरी तपाईंलाई बाटो देखाउँछ?**

## ३. पावलले पहल गरेका सुसमाचार (२ कोरन्थी ३:१४-१६)

पावल यहूदी पण्डित थिए। अरू यहूदीहरूले जस्तै आफू यहूदी जात भएकोले स्वःत परमेश्वरको अगाडि असल धर्मी र परमेश्वरसँगको आत्मिक संवन्ध ठीकठाक नै थियो भन्ने सोचमा थिए। तर जब येशूभक्तहरूलाई खोजी खोजी मार्ने क्रममा सिरियाको राजधानी डमस्कसमा जाँदै थियो त्यसबेला येशूको बज्र परेर उहाँसँग मुखामुख मुकाबिला पर्दा आफू हराएको र परमेश्वरको शत्रु पो हुन गएको रहेछ भनेर महशूस गरे। उनले यो स्वीकार गर्ने मनस्थितिमा पुगे "येशू परमेश्वरको पुत्र हुनुहुन्छ जसले मलाई प्रेम गर्नुहुन्छ र मेरोलागि आफ्नो जीवन दिनुभयो" (गलाती २:२०)। यहूदी जाति भयो भन्दैमा सजिलैसँग धर्मात्मा नठहरिने भनेर स्वीकार गर्दै आफू पापीहरूको

सरदार भएको भनेर आफूलाई पहिचान गराउँछन्। डमस्कसको बाटोमा येशूको ज्योति उनको आँखामा पर्दा उनको आँखामा पाप्रा जमिएको थियो। आफूले मार्न गएको येशूको चेलाले उनको निम्ति प्रार्थना गर्दा त्यो पाप्रा हटेको थियो। त्यतिमात्र होइन पुरानो करारलाई उसको गलत बुझाइले ढाकेको पनि बिलाएको थियो। बाइबल र येशूद्वारा परमेश्वरले उनलाई आफ्नो प्रेम प्रकट गर्नुभएको थियो। यसले पावलको हृदय र जीवन सदाको लागि परिवर्तन गरेको थियो। उनको जीवन कहानीलाई राम्रोसँग बुझेनौं भने उनका पत्रहरूको मर्मलाई हामी बुझ्न सक्दैनौं।

**पावलको जीवनको उपरोक्त वृतान्तलाई ध्यानमा राख्दै २ कोरन्थी ३:१४-१७ पढ्नुहोस् र अनि पद २-६ पनि पढ्नुहोस्। मुक्तिको कदमलाई पावलले कसरी पहिल्याएका थिए? हेर्नहोस्: "१४ तिनीहरूको मन त्यस बेला ढाकिएको थियो। आजसम्म पनि पुरानो करारमा भएको व्यवस्था पढ्दा तिनीहरूको मन घुम्टोले ढाकिएको हुन्छ। त्यो घुम्टो ख्रीष्टद्वारा मात्र हटाउन सकिन्छ। १५ साँच्चै मोशाको व्यवस्था पढ्दा अझै पनि घुम्टोले तिनीहरूको मन ढाकिएको हुन्छ। १६ तर धर्मशास्त्रमा भनेझैं प्रभुतिर फर्कनासाथ घुम्टो उघारिन्छ १७ किनभने प्रभु आत्मा हुनुहुन्छ। प्रभुका आत्मा भएको ठाउँमा स्वतन्त्रता हुन्छ।" र पद २-६ "सबैले बुझ्न र पढ्न सक्ने तिमीहरू नै हाम्रा हृदयमा लेखिएका हाम्रो सिफारिस पत्रहरू हौ। ३ साँच्चै तिमीहरू ख्रीष्टले लेखेका पत्र हौ र पत्र पुऱ्याउने हामी नै हौं। ढुङ्गाको पाटीमा वा मसीले लेखिएको पत्र होइन तर जिउँदो परमेश्वरकै आत्माले हृदयमा लेखिएको पत्र हो। ४ ख्रीष्टको दयाले मुक्ति दिएकोले हामी परमेश्वरमा भरोसा राखेर यस्तो कुरा भन्छौं। ५ यो काम गर्न सक्ने खुबी हामीमा छ भन्ने हाम्रो बाटै छैन। हामीले काम गर्ने शक्ति त परमेश्वरबाट नै मिलेको हो। ६ उहाँले एउटा नयाँ करार जोड्नुभयो र हामीलाई यस करारमा काम गर्न लायकका सेवकहरू पनि बनाउनुभयो। योचाहिँ पवित्र आत्माको करार हो, व्यवस्थाले जोडेको करार होइन। व्यवस्थाले मृत्यु ल्याउँछ, तर पवित्र आत्माले त जीवन दिनुहुन्छ।"**

जब मानिस प्रभुतिर फर्कन्छ तब मात्र पुरानो करारको अर्थको भेद खुलिन्छ (पद १६)। येशू ख्रीष्ट मुक्तिको बाटो हुनुहुन्छ। उहाँद्वारा नै

मुक्तिको बाटो सुरू हुन्छ र अन्त हुन्छ। इस्राएलीहरू आफ्नो जात र धर्मकर्महरूमा विश्वास गर्दथे। जातको कारणले र धार्मिक संस्कारहरू पालन गरे स्वःत मुक्ति पाउँछ भनेर तिनीहरू ढुक्क थिए। येशूलाई विश्वास गरेर आत्मपरिवर्तन गर्नुभन्दा पहिले पावल पनि त्यहि मनस्थितिमा थिए। तर यदाकदा पुरानो करारका विधिविधानहरू त मृत्युको घन्टा बजाउने साधन भएको ती दुवै-पावल र अरू इस्राएलीहरू-ले अनुभव गर्न पुगेका थिए। मानिसहरूले मुक्ति पाउन जुनसुकै उपाय गरेतापनि सबैजना पापी भएको ठहरिएका थिए (रोमी ३:२३)। त्यसमा अन्य जाति वा विदेशीमात्र नभएर यहूदीहरू पनि पर्दछन्। त्यसकारण परमेश्वरका आज्ञाहरूले हामी कतिको पापी छौं भनेर मात्र देखाउँछ भनेर हामीले मान्नुपर्छ (२ कोरन्थी ३:२३)। तर कोरन्थीका विश्वासीहरू यस्तो येशूभक्त थिए कि तिनीहरू मसीले लेखेको होइन तर तर तिनीहरूका हृदयमा जीवित परमेश्वरको आत्माले लेखिएका पत्रहरू थिए (२ कोरन्थी ३:३)।

पावलले देहायका पदहरूमा सुसमाचारको वाख्या गरेका छन्। **खीष्टलाई विश्वास गरेर हामीले के पाउन सक्छौं? हेर्नुहोस्ः रोमी १:१६,१७ "मलाई यो सुसमाचार सुनाउन लाज लाग्दैन कारण विश्वास गर्ने जति पहिले यहूदी अनि अन्यजातिका मानिसलाई यो सुसमाचार परमेश्वरको मुक्ति दिने शक्ति हो। १७ सुसमाचारले मानिसलाई परमेश्वरले आफ्नो सामु कसरी ठीक ठहराउनुहुन्छ भन्ने देखाउँछ अनि परमेश्वरसँग ठीक ठहरिने कुरा विश्वासबाटै सुरु हुन्छ र विश्वासबाटै पूरा पनि हुन्छ। यस्तै धर्मशास्त्रले पनि भन्छ, “जो विश्वासद्वारा परमेश्वरसँग ठीक ठहरिन्छ, त्यही मानिसले नै जीवन पाउँछ,।” र रोमी ३:२४-२६ " तर परमेश्वर दयालु हुनुहुन्छ र उहाँले अनुग्रह गरेर खीष्टद्वारा मानिसलाई सित्तैंमा निर्दोष र ठीक ठहराउनुहुन्छ किनभने खीष्ट येशूले सबैको साटो आफैंले सजाय भोगेर पापको कैदबाट मानिसलाई छुटाउनुभएको छ। २५ परमेश्वरले खीष्ट येशूलाई हाम्रो लागि प्रायश्चितको बलिदान स्वरूप दिनुभएर उहाँको रगत हाम्रो लागि बगाइएको हो भनी विश्वास गर्ने मानिसको पाप मेटिदिनुभएको छ। परमेश्वरले पापको सजाय खीष्टमा दिएर आफैंलाई न्यायी देखाउनुभयो। परमेश्वरले खीष्ट आउनुभन्दा पहिले आफ्नो रिस थामेर मानिसलाई**

पापको सजाय दिनुभएन। २६ परमेश्वरले अब यो युगमा आफ्नो न्याय देखाउन मानिसहरूका पाप हटाएर तिनीहरूलाई निर्दोष ठहराउनुहुन्छ। यसरी येशूमा विश्वास गर्ने हरेकलाई उहाँले ठीक ठहराउनुहुन्छ र आफैं धर्मी हुनुहुन्छ।"

येशूलाई विश्वास गर्ने सबैहरूको निम्ति सुसमाचार परमेश्वरको शक्ति हो। हामीहरू धर्मी छौं भनेर ठहराउन हामीहरूको धर्मकर्म, परोपकारी काम आदिले होइन तर येशूले हाम्रो निम्ति के गर्नभयो त्यसमा भर पर्छ। पैसाले होइन न त कुनै अथक प्रयासले हो, केवल येशूलाई विश्वास गर्दामात्र मुक्तिलाई दावी गर्नसक्छौं। यो विश्वासमा वढ्दै जाने प्रक्रिया हो (रोमी १:१७)। रोमीको पुस्तकको बाँकी भागहरूमा पावलले त्यसलाई अझ राम्रोसँग वर्णन गरेको छ। पावलको भनाइको मूल अर्थ रोमी अध्याय ३को अन्तमा कोरिएको छ। ख्रीष्टद्वारा हामी मुक्ति अर्थात् पापबाट राहत पाउँछौं। हामी निर्दोष ठहर्छौं। विगतका पाप अपराधहरूलाई विर्सेर परमेश्वरले हामीलाई क्षमा दिनुहुन्छ। ख्रीष्टको बलिदानले परमेश्वर आफूलाई न्यायी ठहराउनुहुन्छ। येशूलाई विश्वास गर्ने पापीहरूलाई उहाँले निर्दोष ठहरानुहुन्छ।

## ४. नयाँ करार वा परमेश्वरसँगको सम्झौता (हिब्रू ८:१,२)

पुरानोकरारभन्दा नयाँ करार उत्तम छ भनेर हिब्रूको पुस्तकले वर्णन गर्दछ (हिब्रू ८:१,२,६)। यदि पुरानो करार त्रुटीपूर्ण छ भनेर सुरूमै परमेश्वरले त्यसलाई किन स्थापना गर्नुभयो त? तर खास समस्या करारसँग होइन तर मानिसहरूले कसरी लिन्छन् त्यसमा भर परेको थियो।

पुरानो करारमा किटान गरेर के त्रुटी देखाएका छन् त भनेर देहायका पदहरू हेर्नुहोस्: हिब्रू ७:१९ "किनभने मोशाको व्यवस्थाले त केही पनि सिद्ध पार्न सकेन। तर अब त अझ असल आशा हामीलाई दिइएको छ, जसले हामीलाई परमेश्वरको नजिकै पुऱ्याउँछ।", हिब्रू ८:९ "यो करारचाहिँ तिनीहरूका पिता-पुर्खाहरूसँग मैले बाँधेको करारजस्तो हुनेछैन। त्यस बेला त मैले हातमा समातेर तिनीहरूलाई मिश्रदेशबाट निकालेको थिएँ। तर मैले तिनीहरूसँग बाँधेको करार तिनीहरूले पालन गरेनन्। यसकारण मैले पनि तिनीहरूको वास्तै गरिनँ।" र हिब्रू

**१०:१-४ "इस्राएली व्यवस्था हुन आउने खास साँचो कुराहरूको नमुना होइन, तर आउने असल कुराहरूको छाया मात्र हो। यसैले वर्षेनी चढाएका त्यही बलिदानहरूले परमेश्वरकहाँ ती बलिदान चढाउने मान्छेहरूलाई पूरै शुद्ध पार्न सक्दैन। २ पशु बलिले पूरै शुद्ध पार्न सक्ने भए किन घरीघरी बलि चढाउनुपर्थ्यो? यदि त्यसले बलि चढाउनेहरू शुद्ध हुने भए त सधैंको लागि एकै चोटि शुद्ध हुनेथियो अनि पूरै शुद्ध भई तिनीहरूका विवेकमा पाप रहनेथिएन। ३ तर यी बलिदानहरूले मानिसलाई वर्षेनी आफ्ना पापहरूको सम्झना मात्र गराउँछ ४ किनभने साँढे (वा राँगा) र बोकाहरूको रगतले पाप मेटाउन सक्दैसक्दैन।"**

पुरानो करारप्रति मानिसहरू बफादारी भएर बसेका थिएनन् (हिब्रू ८:९)। तर तिनीहरू परमेश्वरको विरोधमा बिद्रोही र अट्टेरी अर्थात् परमेश्वरको कुरा नमान्ने भएका थिए। तिनीहरूको त्यो चर्तिकलाले गर्दा पुरानो करारका पशुबलिहरूले तिनीहरूको पापलाई सफा गर्न सक्दैनथ्यो (हिब्रू १०:४)। त्यसको अर्थ विधिविधानहरूको बावजुद पनि पापको समस्या यथावतै रहेको थियो। "सबैको निम्ति केवल एक पल्टमात्र चढाएको येशूको शरीरको बलिले" मानिसहरूको पाप क्षमा गरिनसक्थ्यो र पाप धुन सक्थ्यो। पुरानो करारको नियममा रहेर विधि पालन गरेतापनि केवल येशूले मात्र मुक्ति दिन सक्नुहुन्थ्यो (हिब्रू १०:१०, ९:१५)। किनभने "पुरानो करारको विधिविधानले कसैलाई पनि धर्मात्मा वा सिद्ध बनाएको थिएन। अब हामीलाई उत्तम आशा दिइएको छ। त्यस आशाले हामीलाई परमेश्वरको नजिक ल्याउँदछ" हिब्रू ७:१९ रूपान्तरित), त्यो नयाँ करारको प्रतिज्ञाको माध्यमबाट आएको छ।

साँच्चिकै भन्ने हो भने नयाँ करार नयाँ होइन। त्यो करार अदनको बगैंचामा नै तय भएको थियो। स्त्रीको बिऊले (येशू) सर्पको (शैतान) शीर कुल्चने छ भनेर उत्पत्ति ३:१५मै उल्लेख गरिएको छ। त्यसकारण त्यसैबेलादेखि नै मुक्तिको योजनामा ख्रीष्टको मृत्युले प्रभावकारी भएको थियो। उहाँको बारेमा यसरी सम्बोधन गरिएको छ "संसारको जग स्थापना गरेदेखि नै मारिनुभएको थुमा" (प्रकाश १३:८। यसै सन्दर्भमा यर्मिया ३२:४०, हिब्रू १३:२०,२१ र यूहन्ना १३:३४ पनि पढ्नुहोस्)। "अनुग्रहको करार कुनै नयाँ सत्य शिक्षा

होइन। त्यो किनभने अनन्तकालदेखि नै त्यो परमेश्वरको दिमागमा थियो। त्यसैकारण त्यसलाई अनन्तको करार भनेर सम्बोधन गरिन्छ।"-एलेन जी ह्वाइट, बाइ फेथ आइ लिभ बाइ, पृ. ७७बाट रूपान्तरित।

जब हामी सच्चा हृदयले येशूतिर फर्कन्छौं जुन कुरा पावललाई भयो त्यही कुरा हामीलाई पनि हुन्छ। परमेश्वरले प्रतिज्ञा गर्नुभएको अनन्तको करारसँग हामी पनि गाँसिन पुग्छौं। "तिनीहरूले मप्रति श्रद्धा राख्ने बनाइदिन्छु र मबाट तिनीहरू फेरि कहिलै पनि तर्केर जाने छैनन्।" (यर्मिया ३२:४० रूपान्तरित)। परमेश्वरमाथि अगाढ श्रद्धा तथा विश्वासद्वारा कसैले पशुबलि ल्याउँछ भने आफ्ना पापहरू पखाल्न धार्मिकता किन्न खोजेको जस्तै हुन्छ। बरू हामीले "येशूतिर नजर राख्दै अघि बढौं। हामीहरूको विश्वासको स्रस्ता (लेखक) उहाँ नै हुनुहुन्छ। क्रुसको बेइज्जततिर उहाँले ध्यान दिनुभएन।....उहाँले पापीहरूको आक्रमणहरूलाई सहनुभयो।" (हिब्रू १२:२,३ रूपान्तरित)। पापको ठूलो मूल्य परमेश्वरले चुकाउनुभएको थियो भनेर त्यसले देखाउँछ। अनन्तको करारको रगतले त्यो मोल येशूले तिर्नुभएको थियो भन्ने समाचारलाई हामीले सुसमाचार भनेर मानिलिनुपर्छ (हिब्रू १३:२०)। जब हामीले नयाँ करारलाई ग्रहण गर्छौं तब हामीहरूको दिमागमा मनोक्रान्ति ल्याएर परमेश्वरका आज्ञाहरूदेखि एक आपसमा कसरी प्रेम गर्छौं त्यसमा परिवर्तन ल्याउँछौं। सबैकुराहरूलाई हामीहरूको हेर्ने दृष्टिकोण नै फरक हुन जान्छ। लैव्य १९:१८ अनुसार त्यो कुनै नयाँ कुरा होइन। तर हामीहरूले हामीहरूका छिमेकी र हामीहरू आफैलाई कसरी माया गर्ने भन्ने परिभाषा अन्त होइन येशूबाट नै सिक्ने भएको हुनाले कतिको निम्ति त्यो नयाँ हुनसक्छ। उहाँले भन्नुभयो "तिमीहरूले एक आपसमा मैले जस्तै प्रेम गर्नु।" यूहन्ना १३:३४।

**येशूले हामीलाई कसरी प्रेम गर्नुभयो त्यसरी नै अरूलाई पनि हामीले कसरी प्रेम गर्न सिक्ने?**

## ५. सुसमाचारको सफलतापूर्वक अन्त्य (प्रकाश १०:७)

**"जब सातौं स्वर्गदूतले आफ्नो तुरही फुक्न तयार हुन्छ तब परमेश्वरको योजनाको अन्तिम भागलाई परिचालन गरिनेछ। धेरै वर्ष**

**अघि उहाँलाई सेवा गर्ने अगमवक्ताहरूलाई त्यो सन्देश परमेश्वरले सुनाइसक्नुभएको थियो।" प्रकाश १०:७)।**

प्रकाश १४:६बाहेक प्रकाश १०:७मात्र पद हो जुन् प्रकाशको पुस्तकमा सुममाचार प्रचारको बारेमा उल्लेख गरिएको छ। ग्रीक भाषामा त्यसलाई इयुजिलिजो-euangelizo- भनिन्छ जसको अर्थ हो समाचारलाई घोषणा गर्नु। प्रकाशको ती दुई अध्यायहरू सेभेन्थ-डे एडभेन्टिस्टहरूको निम्ति विशेष मानिन्छ। किनभने हामीहरूको चर्चको निम्ति विशेष निर्देशन ती दुई अध्यायहरूमा पाउँछौं। अर्को अर्थमा भन्ने हो भने हाम्रो समूहलाई परमेश्वरले विशेष गरेर यो अनन्तको सुसमाचार सुनाउन अऱ्हाउनुभएको छ जुन् अरू कुनै पनि चर्चलाई दिइएको छैन।

उत्पत्तिदेखि प्रकाशसम्मा सुसमाचारको सन्देश एउटै छ। परमेश्वरका दश आज्ञाहरू पनि एउटै छ र करार पनि एउटै छ। अब्राहमले विश्वास गरेका सुसमाचार त्यही हो भनेर येशू, पावल र याकूबले सहमती जनाएका छन् (यूहन्ना ८:५६, रोमी ४:१३, याकूब २:२१-२३)। कतिपयलाई यो धारणा मान्न साऱ्हो पर्दछ किनभने तिनीहरूमा सुसमाचारको बारेमा बाइबलले देखाएको भन्दा संकुचित भावना छ। तर येशूको बलिदानलाई देखेर नै अब्राहमले आफ्नो विश्वासमा सामर्थीवान हुन पुगेका थिए। काम र विश्वासलाई संतुलनमा राखेर हामीले मुक्ति पाउन कोशिश गर्नुपर्दैन। विश्वासले मात्र हामीहरूलाई मुक्ति पाउन यथेष्ठ छ। तर दिमागमा मात्र विश्वासलाई खेलाएर हुँदैन। त्यो त शैतानको दिमागमा पनि त परमेश्वरमाथि विश्वास छ। फेरि मुक्तिको दायरामा बस्न नचाही केवल परमेश्वरका प्रतिज्ञाहरूमा विश्वास गर्छु भनेर पनि पुग्दैन। हामीहरूको काम वा परमेश्वरको नीतिले हामीहरूले मुक्ति पाएका छौं भनेर प्रत्याभूति दिनुपर्छ।

**अनन्तको सुसमाचारको सत्य अर्थ जान्न परमेश्वरका दश आज्ञाहरू पालन गर्न र येशूमा भएको विश्वास र गवाही हामीमा हुन किन जरूरी छ? हेर्नुहोस् प्रकाश १२:१७ "अनि त्यो अजिङ्गर त्यस स्त्रीसँग क्रोधित भयो, परमेश्वरका आज्ञापालन गर्ने र येशूको गवाही दिने तिनको बाँकी सन्तानहरूसँग लडाइँ गर्न गयो।" प्रकाश १४:१२**

**"परमेश्वरका पवित्र जनहरू, जसले परमेश्वरको वचन मान्छन् र प्रभु येशूमा विश्वास राख्छन्, तिनीहरू स्थिर भएर बस्नुपर्छ।"**

संसारको अन्तमा सबै मानिस एक महत्त्वपूर्णमा उभिनै पर्नेछः कसको आराधना गर्ने र कसको आज्ञालाई शिरोपर गर्ने? सारा स्वर्ग, पृथ्वी, समुद्र र पानीका मुहान बनाउने परमेश्वरको पक्षमा उभिने कि (प्रकाश १४:७) शैतान अर्थात् पशु र उसको मूर्तिलाई पूजा गर्ने? हप्ताको सातौं दिन शब्बथसमेत गरेर दश आज्ञाहरूलाई येशूमाथिको आस्थाद्वारा पालन गर्ने येशूभक्तहरू संसारको वा आफ्नै जीवनको अन्तसम्म बफादार बसेका हुन्छन्। सच्चा धर्मले विश्वास र उचित जीवनको नीतिलाई पालन गर्न सिकाउँछ।

“प्रायजसो सर्बसाधारण मानिसहरूले शब्बथ पालन गर्ने विश्वासीहरूको खिसी उडाउँछन् र गिल्ला गर्छन्। तर शब्बथको गौरवमय शिक्षालाई आत्मसात् गर्नेहरूले जहिलै पनि परमेश्वरको अनन्तको दश आज्ञाहरू र परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भनेर इमान्दारिताका साथ गवाही दिइरहेका हुन्छन्।

“अनन्तको सुसमाचारसँग सम्बन्धित प्रकाश १४मा उल्लेख गरिएका सत्यहरू मान्नेहरूसँग नमान्नेहरू विशेष गरेर येशूको दोस्रो आगमनमा छुट्टिनेछन्। प्रकाश १४मा उल्लेख गरिएका तिन भाग सन्देशहरूसँग यो पनि घोषणा गरिनेछः परमेश्वरका आज्ञाहरू पालन गर्ने येशूका विश्वास हुनेहरू यी नै हुन्।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी पृ. ४५३, ४५४बाट रूपान्तरित।

## उपसंहारः

“अहिलेको स्तरबाट उक्लिएर हामी उच्च स्तरमा उक्लनु पर्छ। हामी अघि बढ्नुपर्छ र हामीले पाएका आदरणीय अधिकारहरूको दावी गर्नुपर्छ। परमेश्वरको सामु कोमल र नम्र भएर हामी हिंड्नुपर्छ। हामीले कहिलै पनि आफू सिद्ध छु भनेर आफ्नो चरित्रको बारेमा डम्फु फुकेर हिंड्नुहुन्न। तर सरल विश्वासद्वारा परमेश्वरको वचनमा भएका हरेक प्रतिज्ञाको दावी गर्नुपर्छ। परमेश्वरका आज्ञाहरू तोड्नेहरूको निम्ति होइन तर पालन गर्नेहरूको निम्ति ती प्रतिज्ञाहरू दिइएका हुन्। परमेश्वरको वचनलाई हामीले सच्चा हृदयले विश्वास गर्नुपर्छ र

उहाँमाथि पूर्ण भरोसा राख्नुपर्छ। त्यसो गर्दा आफ्नो भाऊ खोज्ने सबै नियतहरू तथा अहँ भावनाहरू हटी जानेछन्। निसन्देह हामीहरू विश्वासबाट मात्रै मुक्ति पाएका हुन्छौं। तर त्यो विश्वास निश्क्रिय विश्वासचाहिँ होइन, तर प्रेमद्वारा क्रियाशील हुने विश्वास र आफ्नो प्राणलाई निर्मल र स्वच्छ राख्ने विश्वास हो। येशूले अति जघन्य दुष्ट पापीको सामु आफ्नो हात पसार्नुहुन्छ। परमेश्वरको आज्ञा तोड्ने जोसुकैलाई पनि उहाँले आफूतिर ल्याउनुहुन्छ र उसलाई परमेश्वरको अनुशासनमा रहन सक्षम् तुल्याउन सक्नुहुन्छ। तर कोही पनि इसाई हुँ भनेर दावी गर्ने मानिस परमेश्वरको पवित्र आज्ञाहरूभन्दा माथि रहेर बस्न सक्दैन। यदि त्यस्तो स्थितिमा कोही रहन चाह्यो भने उसलाई सहायता गर्न ख्रीष्टको शक्तिभन्दा बाहिर ऊ रहिरहेको हुन्छ। परमेश्वरका आज्ञाहरूलाई पन्छाएर बस्नुभनेकै येशूका शिक्षादिक्षा र उदाहरणको दायराबाट आफूलाई बाहिर राख्नु हो। यो किनभने येशू आफैले भन्नुभयो “मैले मेरा पिताका आज्ञाहरू पालन गरें र उहाँको प्रेममा एकनास रहिँरहें। येशूलाई पछ्याउने सबै जनाले परमेश्वरको पवित्र आज्ञाहरूलाई शिरोपर गर्नेछ।"-एलेन जी ह्वाइट, साइनस् अभ द टाइमस्, मार्च ३१, १८९०बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ.** **येशू, पावल र याकूबले सुसाचारलाई कस्तो दृष्टिले हेरेका छन्, सोच्नुहोस्। ती तिन जनाका बिचारहरू के एउटै हुन् कि फरक छन्? ती तिनै जनाका बिचारहरूलाई एक थलोमा राखेर परम्परावादी वा सस्तो वा हल्का अनुग्रहको धरापमा हामीहरू नपर्न के गर्ने?**

**आ.** **जब तपाईं आत्मिक रूपमा हतोत्साह हुनुहुन्छ तब त्यसबेला बाइबलका के प्रतिज्ञाहरूलाई मनमा सम्झन सक्नुहुन्छ जसले गर्दा तपाईं गिर्नबाट जोगाउँछ? एकदम अन्धकारको समयमा पनि तपाईं किन हातखुट्टा छोडेर आफूलाई निराशको बादलमा राख्नु हुँदैन? जतिसुकै अयोग्य भएतापनि ख्रीष्टको धार्मिकता हाम्रो निम्ति बरदान हो भन्ने धारणालाई आत्मसात् गर्नसक्नु नै आत्मिक भिरबाट खस्नबाट जोग्नु किन हो?**

इ. सृष्टिसँग जोडेर घोषणा गरेका तिन स्वर्गदूतका सन्देशहरू मुक्तिसँग अत्यन्त नजिकै गाँसिएको छ। यूहन्ना १:१-१४ले पनि सृष्टि र मुक्तिलाई एकै थलोमा राखिएको छ। ती दुवै विषयवस्तुहरू किन एक आपसमा घनिष्ट सम्बन्ध छ? त्यसले गर्दा शब्बथ परमेश्वरको व्यवस्थाको एक महत्त्वपूर्ण भाग हो भनेर कसरी सिकाउँछ? युगको अन्तमा शब्बथको सन्देश अत्यन्त महत्त्वपूर्ण छ भनेर त्यसबाट हामी कसरी बुझ्न सक्छौं?